कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-४४४०११५/११६/१२३/१२४
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

# कर्जा चुक्ता भुक्तानी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०७७/०७/२५

तपसिलमा उल्लिखित तपाई ऋणीले यस विकास बैंकको मुख्य शाखा कार्यालय हेटौडाबाट सरल कर्जा शीर्षक अर्न्तगत लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको शर्त सम्झौता बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त वन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईहरु तपसिलमा उल्लिखित ऋणी, धितो जमानीकर्ता एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफुले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धितो जमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण वापत तपाईले यस बैंकको नाममा लेखि/लेखाई दिएको सम्पत्ति (जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सो को प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानुनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको लेना बाँकी रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईहरुले कर्जा लिँदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईहरुको घरघरानाको चलअचल सम्पत्तिबाट समेत असुलउपर गर्नको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै तपसिलमा उल्लिखित ऋणीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तीनपुस्ते विवरण सहित सिफारिश गरि पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितोजमानत कर्ता, व्यक्तिगत धन जमानीकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | फोटो | धनजमानीकर्ताको विवरण | फोटो |
|---|---|---|---|---|
| १ | **हरि प्रसाद रुवाली**<br>**ना.प्र.नं. : ३६/२४७२५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर ।<br>बाबु : गोपाल प्रसाद रुवाली<br>बाजे : झम्कनाथ रुवाली<br>ठेगाना : बसामाडी-५, हाल, हेटौडा-१०, मकवानपुर ।<br>**शाखा कार्यालयः हेटौडा**<br>**कर्जा शीर्षकः सरल कर्जा ।** |  | **लक्ष्मी धिताल**<br>**ना.प्र.नं. : ३१३०१८/५०८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर ।<br>पति : हरि प्रसाद रुवाली<br>ससुरा : गोपाल प्रसाद रुवाली<br>ठेगाना : सरिखेत-१, हाल, हेटौडा-१०, मकवानपुर । |  |
| | | | **विवेक रुवाली**<br>**ना.प्र.नं. : ४६/३०८४५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर ।<br>बाबु : राम प्रसाद रुवाली<br>बाजे : रमेश लाल रुवाली<br>ठेगाना : बसामाडी-३, हाल, हेटौंडा १०, मकवानपुर । |  |

**नोटः** यस बैंकबाट कर्जा लिई कर्जाको किस्ता तथा ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुले समेत यसै सूचनालाई आधार मानी भाखा नाघेको साँवा ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा यसै बमोजिम ऋणी धितो तथा व्यक्तिगत धनजमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरि बैंकले कर्जा असुलउपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ ।